नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
फोन: ०८९-४३०३७७
email. pmamp.piu.jajarkot2@gmail.com
website: zonejajarkot.pmamp.gov.np

पत्र संख्या : २०७८/०७९
चलानी नं :

सुचना नं. २

प्रथम पटक मिति :२०७८/०५/११

## कार्यक्रम माग गर्ने सम्बन्धी सुचना ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, जाजरकोटको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुन्तलाजात फलफुल र मौरी जोनका तपसिलका क्षेत्रहरुमा अनुदानका कार्यक्रमहरु सञ्चालन हुने हुँदा यस एकाईमा सुचिकृत हुनु भएका इच्छुक कृषक समुह/कृषक सहकारी/जलउपभोक्ता समिति/निजीफर्म हरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन (२०७८/०६/१०) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपसिल</u>

*१) सुन्तलाजात फलफुल जोनको कार्यक्षेत्र: कुशे गाउँपालिका वडा नं १ देखि ९ सम्म, भेरी नगरपालिका वडा नं १,२,३,४,५,६,७ र १०, नलगाड नगरपालिका वडा नं १,२,३,४,५,६ र छेडागाड नगरपालिका वडा नं १०,११,१२ ।*

*२) मौरी जोनको कार्यक्षेत्र: कुशे गाउँपालिका वडा नं ५, भेरी नगरपालिका वडा नं १,२,३ र ४ र नलगाड नगरपालिका वडा नं १,२,३,४,५ र ६ ।*

| क्र.स. | सञ्चालन हुने कार्यक्रम | एकाई | लक्ष्य | बजेट रु. लाखमा | अनुदानको दायरा | सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | सङ्ख्या | १५ | ३० | ८५% | सुन्तला जोन | सुन्तलाजात फलफुल लगाइएको क्षेत्रमा सिंचाई गर्नका लागि आवश्यक सामाग्रीहरु सहितको विस्तृत योजना पेश गर्नुपर्ने । |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | २० | ५०% | सुन्तला जोन | साना औजार उपकरणहरु, खनजोत गर्ने पावरटिलि, मिनिटिलर, खाडल खन्ने मेशिन, फल टिप्ने भर्याङ्ग, स्प्रेयर, अन्य यान्त्रिकरणमा प्रयोग हुने अन्य सामाग्रीहरु सहितको अनुमानित लागत इस्टिमेट पेश गर्नुपर्ने। |
| ३ | चक्लावन्दीमा पकेट/ब्लक/जोन सञ्चालन कार्यक्रम | सङ्ख्या | ३ | ३० | ५०% | सुन्तला जोन | तोकिएको कार्य सञ्चालन विधि अनुसार व्यवसायिक योजना सहितको प्रस्ताव गर्नुपर्ने । |
| ४ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम | पटक | १ | ५ | ७५% | जिल्ला भरि | तोकिएको कार्य सञ्चालन विधि अनुसार उत्पादन विक्रि योजना सहितको व्यवसायिक योजना सहितको प्रस्ताव र कम्तिमा २५% लगानी गर्ने प्रतिबद्धता, सहभागी हुने बिधार्थीको विवरण । |
| ५ | पोष्ट हार्भेष्ट सेन्टर स्थापना सहयोग | सङ्ख्या | १ | ५ | ८५% | सुन्तला जोन | पोष्ट हार्भेष्ट सेन्टर निर्माणका लागी व्यवसायिक योजना सहितको प्रस्ताव तथा प्रतिबद्धता पेश गर्नुपर्ने । |
| ६ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | सङ्ख्या | १ | ५ | ८५% | सुन्तला जोन | " " |
| ७ | बगैचा सुदृढीकरण सहयोग कार्यक्रम | सङ्ख्या | ३ | ६ | ५०% | सुन्तला जोन | बगैचा सुदृढीकरणका लागी व्यवसायिक योजना सहितको प्रस्ताव तथा प्रतिबद्धता पेश गर्नुपर्ने । |

"आत्मनिर्भर अर्थतन्त्रका लागी कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औधोगीकरण"

Scanned with CamScanner

नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाई

### जाजरकोट

☎ ०८९-४३०३७७

email. pmamp.piu.jajarkot2@gmail.com

website: zonejajarkot.pmamp.gov.np

पत्र संख्या : २०७८/०७९

चलानी नं :

| क्र.स. | सञ्चालन हुने कार्यक्रम | एकाई | लक्ष्य | बजेट रु. लाखमा | अनुदानको दायरा | सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८ | मौरी गोला श्रोतकेन्द्र स्थापना | सङ्ख्या | ५ | १५ | ५०% | मौरीजोन | मौरीको रानु तथा गोला उत्पादनमा आवश्यक पर्ने औजार,उपकरणहरु तथा अन्य अत्यावश्यक सामग्रीहरु सहितको व्यवसायिक योजना र प्रतिबद्धता पेश गर्नुपर्ने । |
| ९ | उन्नत मौरीघार उधोग स्थापना तथा सहयोग | सङ्ख्या | २ | ६ | ५०% | मौरीजोन | उन्नत मौरीघार उधोग स्थापनामा आवश्यक पर्ने औजार उपकरणहरु तथा अन्य अत्यावश्यक सामग्रीहरु सहितको व्यवसायिक योजना तथा प्रतिबद्धता पेश गर्नुपर्ने । |
| १० | प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्युनिकरण कार्यक्रम | पटक | १ | २ | ५०% | मौरीजोन | प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्युनिकरण लागी (आवश्यक औजार उपकरण,सामग्रीहरु) व्यवसायिक योजना सहितको प्रस्ताव तथा प्रतिबद्धता पेश गर्नुपर्ने । |
| ११ | मौरी आधुनिक सामग्रीहरु वितरण कार्यक्रम | पटक | ३ | १२ | ५०% | मौरीजोन | मौरीपालनमा आवश्यक आधुनिक सामग्रीहरु, उपकरणहरु सहितको व्यवसायिक योजना पेश गर्नुपर्ने । |
| १२ | मौरीको चरण विस्तारका लागी तोरीको बीउ वितरण कार्यक्रम | हेक्टर | १०० | २ | बीउमा ५०%, ढुवानीमा १००% | मौरीजोन | मौरीपालनमा संलग्न तोरी खेती गर्ने कृषक विवरण, खेती गर्ने जग्गाको क्षेत्रफल र आवश्यक बीउको परिमाण सहितको विवरण पेश गर्नुपर्ने । |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को टिकट टाँस गरेको कार्यक्रम माग निवेदन र निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
२. सम्वन्धित निकायमा कृषक समुह/सहकारी/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. कार्यक्रम माग सम्वन्धि कार्य समितिको निर्णयको प्रतिलिपी ।
५. कृषि सहकारीको हकमा अडिट प्रतिवेदन, करचुक्ता र कृषिफर्म/श्रोतकेन्द्रको हकमा कर तिरेको रसिदको प्रतिलिपी ।
६. कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको तथ्याङ्क विवरण र व्यवसायिक योजना सहितको प्रस्ताव तथा प्रतिबद्धता पत्र ।
७. सम्वन्धित स्थानिय तह (गाउँपालिका/नगरपालिका/वडा) को सिफारिस पत्र ।
८. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौतापत्र *(क्र.स. ३,४,५ र ६ नं का कार्यक्रमहरुको लागी मात्र)* ।

युवराज वि.सी.
नि. वरिष्ठ कृषि अधिकृत

विस्तृत जानकारीका लागी
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, खलङ्गा, जाजरकोट
फोन नं: ०८९-४३०३७७, ९८५८०८५३७७, ९८६६१७४८७०, ९८६४८८५२२२, ९८६४३५४९७७, ९८६८१४२६३१

"आत्मनिर्भर अर्थतन्त्रका लागी कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औधोगीकरण"

Scanned with CamScanner